# नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

रजिष्टर्ड कार्यालय – मेनरोड, बीरगंज (पर्सा)
प्रधान कार्यालय –क्लासीक कम्प्लेक्स, कमलादी, काठमाडौं

## २१औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०७८/११/२७ गते बसेको संचालक समितिको ३३३ औं बैंठकको निर्णय बमोजिम कम्पनीको २१औं वार्षिक साधारण सभा निम्न बिषयहरूमा छलफल तथा निर्णय गर्नका लागि देहाय बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति** : **२०७८ साल चैत्र २१ गते (तदनुसार ४ अप्रिल २०२२) सोमबार**

**समय** : **बिहान ९:00 बजे**

**स्थान** : **होटल भिष्वा, बीरगंज (पर्सा)**

**छलफलको विषयसूचीहरु:**

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०७६/०७७ को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

३) लेखापरीक्षण समिति र संचालक समितिको सिफारिस बमोजिम आर्थिक बर्ष २०७७/७८ को लागि कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त गरी नियुक्त लेखापरीक्षक एस.ए.आर. एण्ड एशोसिएट्सको नियुक्ति र निजको पारिश्रमिक अनुमोदन गर्ने ।

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम ०.७३६८% नगद लाभांश (प्रस्तावित बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्न स्वीकृत गर्ने ।

५) संचालक समितिमा संस्थापक शेयरधनी समुह (क) बाट प्रतिनिधित्व गर्ने ४ (चार) जना संचालकहरूको निर्वाचन गर्ने ।

**ख) बिशेष प्रस्ताव**

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम बिद्यमान चुक्ता पूँजीको १४ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । बोनस शेयर जारी पश्चात हुने शेयर संरचना बमोजिम जारी पूँजी तथा चुक्ता पूँजीलाई तदनुरूप बृद्धि गर्ने । बोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलव पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

२) कम्पनीको हाल कायम पूँजी संरचनामा सस्थापक र सर्वसाधारण शेयरको ६०:४० अनुपातलाई परिवर्तन गरी ५१:४९ प्रतिशत कायम गर्न संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिणत गर्ने र तदनुरूप प्रवन्धपत्र र नियमावलीमा संशोधन प्रस्ताव पारित गर्ने ।

३) प्रवन्धपत्र र नियमावलीमा गरिने संशोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन एवं परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

४) कम्पनी ऐन को दफा १०५ (१) (ग) बमोजिम आ.व. २०७६/७७ मा चन्दा शिर्षक अन्तर्गत भएको खर्च अनुमोदन गर्ने ।

**ग) अध्यक्षको अनुमतिले अन्य कुनै विषयहरु**

### साधारण सभा सम्बन्धी जानकारी

१) सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले सभा हलमा प्रवेशको लागि सक्कल शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको कागजात, प्रकाशित प्रवेशपत्र अथवा आफ्नो कुनै आधिकारिक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

२) सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन मिति २०७८/१२/१६ गते अपरान्ह ५.०० बजेभित्र कम्पनीको रजिष्टर्ड कार्यालय बीरगंज वा प्रधान कार्यालय काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुनु आवश्यक छ ।

३) कम्पनीको शेयर दाखिल खारेजको काम मिति २०७८/१२/०७ गते (एक दिन) बन्द रहनेछ । मिति २०७८/१२/०६ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि.मा कारोबार भई सोही बमोजिम कम्पनीको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले मात्र सो सभाबाट पारित बोनस शेयर तथा नगद लाभांश प्राप्त गर्न सक्नेछन् ।

४) सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान ८:०० बजेदेखि खुल्ला रहनेछ ।

५) कुनै एक शेयरधनीले एक भन्दा बढी ब्यक्तिलाई प्रतिनिधि नियुक्त गरी पठाएकोमा जसको नियुक्ति सबैभन्दा अघिल्लो मितिमा कम्पनीमा प्राप्त हुन्छ निजलाई मात्र प्रतिनिधिको हैसियतले सभामा भाग लिने र मतदान गर्ने अधिकार हुनेछ ।

६) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि शेयरधनीहरूले प्रतिनिधि फेरबदल गर्न चाहेमा मिति २०७८/१२/१७ गते अपरान्ह २:०० बजे भित्र सोको सूचना कम्पनीको रजिष्टर्ड कार्यालय बीरगंज वा प्रधान कार्यालय काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ ।

७) संचालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले सूचना प्रकाशन गरे बमोजिम हुनेछ । उक्त निर्वाचन सम्बन्धी सूचना तथा कार्यक्रम कम्पनीको प्रधान कार्यालय, कमलादी, काठमाडौंको सूचना पाटिमा टाँस गरिनेछ ।

८) नाबालक वा बिक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको ब्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछन् ।

९) संयुक्तरूपमा शेयर खरिद गरिएको अवस्थामा कम्पनीको शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको ब्यक्ति अथवा सर्वसम्मत प्रतिनिधि नियुक्त गरिएको एक ब्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ ।

१०) छलफलका बिषयमध्ये अध्यक्षको अनुमतिले अन्य कुनै विषयहरू अर्न्तगत छलफल गर्न ईच्छुक शेयरधनीहरूले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको बिषय कम्पनी सचिवमार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनुपर्नेछ ।

११) साधारण सभा सम्बन्धी थप जानकारीका लागि कम्पनीको प्रधान कार्यालय, कमलादी, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**पुनश्च:** कम्पनीबाट बार्षिक साधारण सभामा छलफल हुने बिषयहरू सहितको सूचना शेयरधनी महानुभावहरूको ठेगानामा पठाईनेछ । कुनै शेयरधनी महानुभावले उक्त सूचना नपाउनु भएमा यसै सूचनालाई आधार मानी साधारण सभाको बैठकमा उपस्थित हुन अनुरोध गरिन्छ । हाल कायम कोभिड – १९ महामारीको कारण सभामा उपस्थित हुनु हुने शेयरधनी महानुभावहरूलाई तोकिएको स्वास्थ्य सचेतता अपनाई सहभागी हुन समेत अनुरोध गरिन्छ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

NEPALLIFE
सुरक्षा र समृद्धि
नेपाल लाइफ
इन्स्योरेन्स कं. लि.
किनकि जीवन अमूल्य छ...